# शैक्षिक समाचार

## जि.शि.का. म्याग्दीको
## समाचार बुलेटिन

२०६८ श्रावण/भाद्र Aug./Sept . – 2011 वर्ष ५अङ्क १

## सम्पादकीय

जिल्ला शिक्षा कार्यालय, म्याग्दीको आयोजना तथा भानु उच्च माध्यमिक विद्यालय, रत्नेचौरको प्रत्यक्ष व्यवस्थापनमा राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस २२ भाद्र २०६८, (8 September 2011) विविध कार्यक्रमका साथ मनाइयो । विगत वर्षदेखि सदरमुकाम बाहिरको विद्यालयको व्यवस्थापनमा मनाउने परम्पराको थालनी भएको थियो । यस वर्ष पनि सोही अभ्याससलाई निरन्तरता दिइएको छ । मोफसलमा कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम प्रति स्थानीय सरोकारवालाहरुको अपनत्व वृद्धि हुने, शैक्षिक कार्यक्रमहरुलाई स्थानीयकरण गर्न सकिने साथै स्थानीय तहमा व्यवस्थापकीय कुशलताको विकास हुने भएकोले कार्यक्रम सदरमुकाम बाहिर केन्द्रित गर्ने परम्परालाई निरन्तरता दिइएको हो ।

'श्रम, सीप र प्रविधियुक्त गुणस्तरीय शिक्षा, विद्यालय शान्ति क्षेत्र नेपालीको इच्छा' भन्ने आदर्श वाक्य चयन गरी शिक्षा दिवस देशभर मनाइयो । विद्यमान शैक्षिक नीति, योजना, कार्यक्रम तथा तिनको कार्यान्वयनको अवस्थाको धरातलमा रहेर नै यो आदर्श वाक्यको चयन गरिएको हो । विद्यालयको व्यवस्थापन, शैक्षिक व्यवस्थापन, पाठ्यक्रम निर्माण तथा विद्यार्थी मूल्याङ्कन पद्धतिमा गरिएको स्थानीयकरणले स्थानीय श्रम, सीपको पहिचान एवं प्रवर्द्धन गरी बजारमुखी शिक्षाको सुनिश्चितता गर्दछ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण र शैक्षिक कार्यप्रणालीको सुनिश्चितता गुणस्तरीय शिक्षाको प्रमुख अवयव हुनसक्छ । यसका लागि शैक्षिक योजनाका प्रत्येक चरणमा स्थानीय सरोकारवालाहरुको सक्रिय सहभागिताको सुनिश्चितता, तिनीहरुको क्षमता अभिवृद्धि र सो क्षमताको महत्तम उपयोग एउटा प्रमुख पक्ष हुन्छ ।

कुनै पनि प्रकारको हिंसा र विभेदजन्य व्यवहारबाट मुक्त बालमैत्री सिकाई वातावरणको सिर्जना गुणस्तरीय शिक्षाको सुनिश्चितता लक्ष्य प्राप्तिको अर्को पक्ष हो । यसका लागि सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, अभिभावक, विद्यार्थी, शिक्षक, स्थानीय निकाय, गैर सरकारी संघ संस्थाको संयुक्त पहल, निगरानी तथा इच्छाबाट विद्यायलाई शान्ति क्षेत्र घोषणा गरी गुणस्तरीय शिक्षाको व्यवस्थापनमा सहयोग पुऱ्याउनु आजको प्रमुख आवश्यकता हो ।

### जिल्ला गतिविधि

- राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस २०६८ भव्य रुपमा सम्पन्न । विभिन्न क्षेत्रमा विद्यालय, शिक्षक, विद्यार्थी तथा कर्मचारीहरु पुरस्कृत एवं सम्मानित ।
- आ.व. ०६७/६८ को वार्षिक प्रगति विवरण र Status Report तयार गरी समयमै सम्बन्धित निकायमा पठाइएको ।
- एस.एल.सी. पुरक परीक्षा २०६७ सम्पन्न ।
- विद्यालयमा शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न । जिल्ला भरीमा राहत र दरबन्दी समेत गरी प्रा.वि. तहमा १३२ दरबन्दी बढी, नि.मा.वि. तहमा ६७ र मा.वि. तहमा ५४ दरबन्दी कम ।
- Flash I को Entry कार्य सम्पन्न गरी सम्बन्धित निकायमा पठाइएको ।
- आ.व. ०६७/६८ मा १४ वटा मा.वि. हरुलाई शिक्षक अनुदान कोटा उपलब्ध ।
- आ.व. ०६८/६९ को लागि विद्यालय भवन निर्माण (२४ लाख) र विद्यालय मर्मत (५ लाख) को लागि विद्यालय छनौट गरी सम्बन्धित निकायमा पठाइएको ।
- एस.एल.सी. पुरक परीक्षा २०६७ को रिजल्ट प्रकाशन :- म्याग्दी जिल्लाबाट परीक्षामा सहभागी भएका ३९४ मध्ये ३०६ जना (७७.६६%) परीक्षार्थी उत्तीर्ण ।

### हार्दिक मंगलमय शुभकामना :-



विजया दशमी तथा शुभ दीपावली २०६८ को पावन अवसरमा जिल्ला शिक्षा कार्यालयका कर्मचारी, जिल्लामा कार्यरत सम्पूर्ण शिक्षक, विद्यार्थी , अभिभावक लगायत सम्पूण शैक्षिक सरोकारवालाहरुमा जिल्ला शिक्षा कार्यालय हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

## जिल्ला शिक्षा कार्यालयबाट भए गरेका कार्यहरुः

१. जिल्ला शिक्षा कार्यालयको आयोजना र भानु मा.वि., रत्नेचौरको व्यवस्थापनमा भानु मा.वि., रत्नेचौरको प्राङ्गणमा **'श्रम, सीप र प्रविधियुक्त शिक्षा, विद्यालय शान्ति क्षेत्र नेपालीको इच्छा'** भन्ने नाराका साथ यहि भाद्र २२ गते (Sept 8, 2011) राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस भव्य रुपमा मनाइएको छ । उक्त शिक्षा दिवसको अवसरमा जिल्ला शिक्षा समितिले तपसीलको क्षेत्रमा तपसील अनुसारका व्यक्ति तथा विद्यालयहरुलाई सम्मान तथा पुरस्कृत गरेको छ ।

(क)**उत्कृष्ट विद्यालय छनोटको सूचकाङ्कको आधारमा उत्कृष्ट विद्यालयहरु :-** सामुदायीक तर्फ २ र संस्थागत तर्फ १

१. श्री जामुनाखर्क उ.मा.वि., अर्थुङ्गे  २. श्री वेनी सामुदायीक उ.मा.वि., वेनी  ३. श्री न्यू वेष्टप्वाइन्ट आ.उ.मा.वि., वेनी

**(ख) एस्.एल्.सी . परीक्षा २०६७ मा सत् प्रतिशत परीक्षार्थी उत्तीर्ण गराउन सफल विद्यालयहरु -**

सामुदायीक तर्फ (सहभागी विद्यालय संख्या :- ४४)

१) जामुनाखर्क उ.मा.वि., अर्थुङ्गे  २) वेनी सामुदायीक उ.मा.वि.,वेनी  ३) जनविकास मा.वि., मराङ
४) राष्ट्रिय जनजागृती मा.वि, कुहुँ  ५) पौलस्त्य उ.मा.वि., भिरमुनी  ६) किसानी मा.वि., ताकम ।
७) अमर मा.वि., चिमखोला  ८) आदर्श मा.वि., रीमा ।

सँस्थागत तर्फ (सहभागी विद्यालय संख्या :- ६)

१) माउण्ट एभरेष्ट आ.उ.मा.वि., वेनी  २) न्यू वेष्ट प्वाइन्ट आ.उ.मा.वि., वेनी  ३) लोकदीप आ.मा.वि., वेनी ।
४) वेनी आ.मा.वि., वेनी  ५) गलेश्वर आ.आ.मा.वि., गलेश्वर  ६) डनिङ आ मा.वि., वावियाचौर ।

**(ख) एस्.एल्.सी . परीक्षा २०६७ मा सर्वोत्कृष्ट अंक हासिल गर्ने छात्र/छात्रा**

| समूह | स्थान | परीक्षार्थीको नामथर | कुल प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत | विद्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| सामुदायिक तथा संस्थागत मध्येवाट जिल्ला भरीमा वढी अंक प्राप्त गर्ने उत्कृष्ट परीक्षार्थीहरु | | | | | | |
| | प्रथम | निरज सुवेदी | ६८४ | ८५.५० | माउण्ट एभरेष्ट आ.उ.मा.वि., वेनी | छात्र तर्फ |
| | प्रथम | जोनी छन्त्याल | ६८१ | ८५.१३ | न्यु वेष्ट प्वाइन्ट आ.उ.मा.वि., वेनी | छात्रा तर्फ |
| सामुदायिक विद्यालय मध्येवाट जिल्ला भरीमा वढी अंक प्राप्त गर्ने उत्कृष्ट परीक्षार्थीहरु | | | | | | |
| | प्रथम | प्रतिक ढुंगाना | ६४५ | ८०.६३ | जामुनाखर्क उ.मा.वि., अर्थुङे | छात्र तर्फ |
| | प्रथम | आरती ढुंगाना | ६४४ | ८०.५० | ,, ,, | छात्रा तर्फ |

**(ग)२०६७ सालको एस्एल्सी परीक्षामा विषयगत औषत उच्च अंक प्राप्त गर्ने विद्यालयका शिक्षकहरु**

सामुदायिक विद्यालय तर्फ

| क्र.सं. | मिति | औषत प्राप्ताङक | शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|---|
| १ | अनिवार्य अंग्रेजी | ७०.०० | प्रेमप्रकाश अधिकारी | राष्ट्रिय जनजागृती मा.वि, कुहुँ |
| २ | अनिवार्य नेपाली | ६७.११ | टिकाराम सुवेदी | वुद्धिविकास मा.वि., मुदी |
| ३. | अनिवार्य गणित | ६४.०० | समुन्द्र वि.क | जनविकास मा.वि., मराङ |
| ४. | अनिवार्य सामाजिक | ५६.८३ | कृष्णप्रसाद रेग्मी | जनप्रिय उ.मा.वि., दरवाङ |
| ५. | अनिवार्य विज्ञान | ७१.६० | रमेश वोगटी | वेनीसामुदायिक उ.मा.वि., वेनी |
| ६. | अनिवार्य स्वाजवा | ७१.१९ | धर्मदत्त सुवेदी | ज्ञानप्रकाश मा.वि., दाना |

सँस्थागत विद्यालय तर्फ

| क्र.सं. | मिति | औषत प्राप्ताङक | शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|---|
| १ | अनिवार्य अंग्रेजी | ८९.५४ | हरिप्रसाद सुवेदी | गलेश्वर आ.आ.मा.वि., गलेश्वर |
| २ | अनिवार्य नेपाली | ६९.३८ | केशवराज पौडेल | न्युवेष्टप्वाइन्ट आ.उ.मा.वि., वेनी |
| ३. | अनिवार्य विज्ञान | ७५.०९ | अरुण कुमार | न्युवेष्टप्वाइन्ट आ.उ.मा.वि., वेनी |
| ४. | अनिवार्य स्वाजवा | ८३.०९ | सरोज लाकान्द्री | न्युवेष्टप्वाइन्ट आ.उ.मा.वि., वेनी |

| | | | | |
|---|---|---|---|---|
| ५. | अनिवार्य गणित | ८९.२५ | | वेनी आ.मा.वि., वेनी |
| ६. | अनिवार्य सामाजिक | ७२.३८ | | गलेश्वर आ.आ.मा.वि., गलेश्वर |

**(घ) कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६७ मा उत्कृष्ट अंक प्राप्त गर्ने परीक्षार्थीहरु**

सामुदायिक तथा संस्थागत मध्येवाट जिल्ला भरीमा वढी अंक प्राप्त गर्ने उत्कृष्ट परीक्षार्थीहरु

| | | | | | |
|---|---|---|---|---|---|
| प्रथम | करुणा कार्की | ६६४ | ९४.८५ | वेनी आ.मा.वि., वेनी | छात्रा तर्फ |
| प्रथम | भगवान सुवेदी | ६५२ | ९३.१४ | माउण्ट एभरेष्ट आ.उ.मा.वि., बेनी | छात्र तर्फ |

सामुदायिक विद्यालय मध्येवाट जिल्ला भरीमा वढी अंक प्राप्त गर्ने उत्कृष्ट परीक्षार्थीहरु

| | | | | | |
|---|---|---|---|---|---|
| प्रथम | विवेक घिमिरे | ६१८ | ८८.२८ | अर्जुन उ.मा.वि., भकुण्डे | छात्र तर्फ |
| प्रथम | हरीमाया छन्त्याल | ५९८ | ८५.४२ | प्रकाश उ.मा.वि., वेनी | छात्रा तर्फ |

**(ङ) निजामती सेवामा लामो समय सेवा गर्ने दीर्घसेवी जि.शि.का.का कर्मचारीहरुलाई सम्मान**

| क्र.सं. | नामथर | पद | कार्यालय/विद्यालय | सेवा वर्ष |
|---|---|---|---|---|
| १ | धनवहादुर वोगटी | खरिदार | जिल्ला शिक्षा कार्यालय, म्याग्दी | |
| २ | भगवती कर्माचार्य | कार्यालय सहयोगी | जिल्ला शिक्षा कार्यालय, म्याग्दी | |
| ३ | लालवहादुर वानियाँ | कार्यालय सहयोगी | जिल्ला शिक्षा कार्यालय, म्याग्दी | |

**(च) मिति २०६८/५/२३ को गोरखापत्रमा प्रकाशित सूचना अनुसार राष्ट्रिय शिक्षा दिवस २०६८ को अवसरमा शिक्षा मन्त्रालयबाट पदक, प्रमाण पत्र तथा प्रसंसापत्रद्वारा सम्मानित हुने महानुभावहरुः**

| क्र.सं. | नामथर | पद | कार्यालय/विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | युक्त प्रसाद शर्मा | उप-सचिव | जिल्ला शिक्षा कार्यालय, म्याग्दी | पदक तथा प्रमाण पत्र |
| २. | केशवप्रसाद रेग्मी | मा.शि. | धवलागिरी मा.वि., सिंगा | ,, |
| ३. | गोकुल बरुवाल | नि.मा.शि. | मुक्तिमार्ग उ.मा.वि., घार | ,, |
| ४. | चिरञ्जिवी बोगटी | प्रा.शि. | भानु मा.वि. रत्नेचौर | ,, |
| ५. | सोमनाथ ढुङ्गाना | मा.शि. | जामुनाखर्क उ.मा.वि., अर्थुङ्गे | प्रशंसा पत्र |
| ६. | राजेन्द्र कुमार श्रेष्ठ | अध्यक्ष | बेनी सामुदायिक उ.मा.वि., बेनी | ,, |

२. आ.व. ०६७/६८ मा शिक्षक व्यवस्थापनको लागि PCF प्राप्त गर्ने विद्यालयहरुः

प्राथमिक तह

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | खपत हुने वि.सं. | PCF पाउने संख्या | वितरित कोटा ३२.३% | रकम रु.प्रति वि.२८६०।- |
|---|---|---|---|---|---|---|---|
| १. | गुप्तेश्वर वाल प्रा.वि., कुहुँ | १ | ७० | ४५ | २५ | ८ | २२८८० |
| २. | नरसिंह प्रा.वि., कुहुँ | २ | ११७ | ९० | २७ | ९ | २५७४० |
| ३. | जनजागृति प्रा.वि., रुम | ३ | १७९ | १३५ | ४४ | १४ | ४००४० |
| जम्मा | | ६ | ३६६ | २७० | ९६ | ३१ | ८८६६० |

निम्न माध्यमिक तह

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी | खपत हुने वि.सं. | PCF पाउने संख्या | वितरित कोटा ४६.७८ % | रकम रु.प्रति वि.३०५१।- |
|---|---|---|---|---|---|---|---|
| १. | बेनी सामुदायिक उ.मा.वि | ३ | २०३ | १३५ | ६८ | ३२ | ९७६३२ |
| ४ | महेन्द्ररत्न नि.मा.वि. | १ | १०८ | ४५ | ६३ | २९ | ८८४७९ |
| ६ | मुसुङडोले नि.मा.वि | ० | ३२ | ० | ३२ | १५ | ४५७६५ |
| ११ | सिद्ध नि.मा.वि., निस्कोट | ० | ३० | ० | ३० | १४ | ४२७१४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | अमरज्योति नि.मा.वि. | १ | ८५ | ४५ | ४० | १९ | ५७९६९ |
| जम्मा | | ५ | ४५८ | २२५ | २३३ | १०९ | ३३२५५९ |

**३. आ.व. ०६७/६८ मा उ.मा.वि. तहका लागि शिक्षक अनुदान प्राप्त गर्ने विद्यालयहरुः**

| क.सं. | विद्यालयको नाम | रकम रु. | क.सं. | विद्यालयको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | मंगला उ.मा.वि., बाबियाचौर | ४३९८६० | ८ | मुक्तिधाम उ.मा.वि., राखुभगवती | ४१७९६० |
| २ | मुक्तिमार्ग उ.मा.वि., घार | ४३९८६० | ९ | महेन्द्ररत्न उ.मा.वि., बरंजा | ४१७९६० |
| ३ | जामुनाखर्क उ.मा.वि., अर्थुङ्गे | ४३९८६० | १० | शिख उ.मा.वि., शिख | ४१७९६० |
| ४ | हिमाञ्चल उ.मा.वि., राम्चे | ४३९८६० | ११ | अर्जुन उ.मा.वि., भकुण्डे | ४१७९६० |
| ५ | प्रकाश उ.मा.वि., बेनी | ६२६९४० | १२ | हेम उ.मा.वि., सिवाङ | ४१७९६० |
| ६ | दिपशिखा उ.मा.वि., कुहुँ | ४१७९६० | १३ | गलेश्वर उ.मा.वि., तोरीपानी | ४१७९६० |
| ७ | किसानी उ.मा.वि., विम | ४१७९६० | १४ | जनप्रिय उ.मा.वि., दरवाङ्ग | ४१७९६० |

## जिल्ला शिक्षा कार्यालयको सूचनाः

१. आर्थिक वर्ष ०६८/६९ को लागि भौतिक सुविधा विस्तार कार्यक्रम अन्तर्गत कक्षाकोठा निर्माण, कक्षाकोठा/विद्यालय पुनस्थापना, विद्यालय बाहिरी वातावरण विकास र छात्रा शौचालय मध्ये विद्यालयलाई आवश्यक कार्यक्रमको लागि विद्यालयमा भईरहेको अवस्था र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित यहि मिति ०६८ आश्विन मशान्त सम्ममा निवेदन दिनु हुन जानकारी गराइन्छ ।

२. जिल्ला विकास समितिको कार्यालय म्याग्दीको च.नं. २०६ र मिति ०६८/५/१५ को पत्रबाट विकास निर्माण कार्यक्रम/योजना सञ्चालन गर्दा उपभोक्ता समिति मार्फत गरिने कार्यमा वाहलवाला शिक्षक, कर्मचारी लगायतका व्यक्ति उपभोक्ता समितिमा रहन नपाउने व्यवस्था जि.वि.स. अनुदान सञ्चालन कार्यविधि र गा.वि.स. अनुदान कार्यविधि २०६७ ले गरेको हुँदा सो व्यवस्था मुताविक कोहि पनि वहाल वाला शिक्षक कर्मचारी उपभोक्ता समितिको कुनैपनि पदमा नरहने व्यवस्था गर्न गराउन जिल्लाका सबै विद्यालयहरुलाई सूचित गरी सहयोग गरिदिनु हुन भनी लेखी आएकोले कुनै पनि वहालवाला शिक्षक उपर्युक्त अनुसारको समितिमा नरहनु हुन र रहिसकेको भएपनि सो बाट अलग रहने व्यवस्था तुरुन्त कार्यान्वयनका लागि अनुरोध गरिन्छ ।

३. आर्थिक वर्ष ०६७/६८ मा शिक्षक व्यवस्थापनको लागि PCF अनुदान प्राप्त गर्ने विद्यालयहरुले उक्त अनुदानबाट राखिएका शिक्षकहरुको विवरण यहि आश्विन महिना भित्र अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ ।

४. जिल्लामा सञ्चालित केहि बालविकास केन्द्रहरुले तथ्याङ्क फाराम मातृ विद्यालय परिवर्तन गरि पेश गरेकोले जिल्ला शिक्षा कार्यालयमा अभिलेख अध्यावधिकरण गरी बालविकास केन्द्रमा रकम निकाशा गर्नको लागि गाँउ विकास समितिबाट मातृ विद्यालयको आवद्धता कायम गराई उक्त आवद्धता पत्रको प्रतिलिपी, मातृ विद्यालयको खाता नं. सहित स्रोतकेन्द्र मार्फत मिति २०६८ आश्विन मसान्त सम्म जिल्ला शिक्षा कार्यालयमा निवेदन पेश गर्नु हुन अनुरोध छ ।

५. आ.व. २०६८/६९ को राष्ट्रिय साक्षरता अभियान कायक्रमको साक्षरता कक्षा कार्तिक महिना देखी सञ्चालन हुने भएको व्यहोरा सम्बन्धीत सरोकारवालाहरुलाई सूचित गरिन्छ ।

| प्रमुख सल्लाहकार | **सम्पादक मण्डल** | **प्राविधिक सहयोग** | **कम्प्युटर ले आउट र डिजाइन** |
|---|---|---|---|
| जि.शि.अ.विष्णुनारायण श्रेष्ठ<br>**सल्लाहकार**<br>उप-सचिव गंगाबहादुर गुरुङ<br>उप-सचिव युक्तप्रसाद शर्मा<br>स्रोतव्यक्ति श्री शिवप्रसाद के.सी. | शा.अ. डिल्लीरमण भट्टराई - संयोजक<br>वि.नि.कृष्णप्रसाद श्रेष्ठ - सदस्य<br>वि.नि. मोतीराम सापकोटा - सदस्य<br>वि.नि. रविमोहन आचार्य - सदस्य<br>वि.नि. विश्वप्रकाश रेग्मी - सदस्य<br>स्रोतव्यक्ति डेकबहादुर वानियाँ - सदस्य<br>स्रोतव्यक्ति दुर्गाराम सुवेदी - सदस्य | ले.अ. अर्जुनप्रसाद पौडेल<br>इ.सि.वि. खाड<br>प्रा.स. प्रकाश गुरुङ<br>ले.पा. याम बहादुर थापा<br>ना.सु महेन्द्र कुमार वि.क.<br>ख. धनबहादुर बोगटी<br>सब इ.शंकर सुवेदी<br>सव.इ.कृष्ण शर्मा | क. अ. श्री विक्रम रिजाल<br>**प्रकाशक**<br>जिल्ला शिक्षा कार्यालय<br>म्याग्दी, बेनी<br>फोन नं. ०६९-५२००८१<br>०६९-५२०१०५<br>फ्याक्स नं. ०६९-५२०१०५<br>E-Mail: deomyagdi@gmail |